## मिति २०७९ फागुन २८ गतेको कार्यपालिका वैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका वैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : योजना संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. ३ : १३ औं नगरसभाबाट स्वीकृत भएका योजनाहरु संचालन तथा उपभोक्ता समिति गठन सम्बन्धमा।

प्रस्ताव नं. ४ : नगर अस्पताल भवन निर्माणको म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं ५ : राष्ट्र सेवक कर्मचारी कर्जाको लागि नेपाल बैंक लि.लाई सहमति दिने सम्बन्धमा ।

प्रस्ताव नं. ६ : योजना संशोधनको समयसीमा सम्बन्धमा ।

प्रस्ताव नं. ७ : अनुमति प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ८ : बाली विकास कार्यक्रम माग गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ९ : ६०/४० लागत साझेदारी योजना छनौट सम्बन्धमा ।

प्रस्ताव नं. १० : कार्यक्रम स्वीकृतिको अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. ११ : बृहत परियोजना प्रतिवेदन (DPR) निर्माण गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १२ : नयाँ सडक ट्रयाक निर्माणका लागि अनुमति प्रदान गर्ने सम्बन्धमा ।

## निर्णयहरु

निर्णय नं. १ : मिति २०७९ माघ २६ गतेको कार्यपालिका वैठकबाट भएका निर्णयहरु कार्यान्वयनको विषयमा आजको यस वैठकमा छलफल तथा समीक्षा गरियो ।

निर्णय नं. २ : मेलम्ची नगरपालिका भित्रका वडा कार्यालयहरुबाट योजना संशोधनको लागि पेश भएको देहाय बमोजिमको योजनाहरु संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | साविकको योजनाको विवरण | बजेट रु. | संशोधित योजनाको विवरण | बजेट रु. |
|---|---|---|---|---|
| १ | भण्डारीटोल खानेपानी, मेनपा ९ | ३,००,०००।– | पाँच पाण्डव भिमसेन मन्दिर निर्माण, मेनपा ९ | ३,००,०००।– |
| २ | सुरुङ डाँडाकटेरी आहालडाँडा पाल्चेन सडक स्तरोन्नती, मेनपा ४ | १०,००,०००।– | चण्डेश्वरी मन्दिर तथा सिंढी निर्माण, मेनपा ४ | १०,००,०००।– |
| ३ | बच्छुला देवी मन्दिर स्तरोन्नती, मेनपा ४ | १,५०,०००।– | सिद्धेश्वरी साना किसान कृषि सहकारी संस्थाको कार्यालय व्यवस्थापन, मेनपा ४ | २,५०,०००।– |
| ४ | दुलाल खोल्सा पिप्ले बजार खानेपानी निर्माण, मेनपा ४ | १,००,०००।– | | |
| ५ | डिही खोला अस्थायी पुल निर्माण तथा सडक निर्माण, मेनपा ४ | ३,००,०००।– | ओखरेनीचौर सडक स्तरोन्नती साविक वडा नं. ५ , मेनपा ४ | १०,००,०००।– |
| ६ | दुम्सी डाँडा खानेपानी निर्माण, मेनपा ४ | १,००,०००।– | | |
| ७ | साल्मे खानेपानी ट्याङ्की निर्माण, मेनपा ४ | १,००,०००।– | | |
| ८ | काप्रे पाल्चेन सामुदायिक भवन घडेरी निर्माण, मेनपा ४ | २,००,०००।– | | |
| ९ | पाल्चेन चिहान निर्माण, मेनपा ४ | १,००,०००।– | | |
| १० | बसेरी पुछार सामुदायिक भवन निर्माण तथा मर्मत, मेनपा ४ | १,००,०००।– | | |
| ११ | बोम्की टोल दोङ टोल खानेपानी निर्माण, मेनपा ४ | १,००,०००।– | | |
| १२ | पाल्ले सामुदायिक भवन निर्माण, मेनपा ४ | २,००,०००।– | पाल्ले सडक स्तरोन्नती, मेनपा ४ | ५,००,०००।– |
| १३ | पाल्ले सिरान पाल्ले मोटर बाटो निर्माण तथा मर्मत, मेनपा ४ | ३,००,०००।– | | |

| | | | | |
|---|---|---|---|---|
| १४ | काउले दोभान डाँडाथोक मोटर बाटो मर्मत, मेनपा ३ (प्रधानमन्त्री रोजगार कार्यक्रम ) | ७,८७,६००।– | कितरपाखा सिंचाई कुलो मर्मत, मेनपा ३ | ७,८७,६००।– |
| १५ | निग्लेनी घ्याङग्याप टोल सुधार समाज, मेनपा ६ | १,५०,०००।– | घ्याङग्याप बतासे निग्लेनी मोटरबाटो स्तरोन्नती , मेनपा ६ | १,५०,०००।– |
| १६ | निग्लेनीखोला मसानेपाटी निर्माण, मेनपा ६ | १,५०,०००।– | बतासे स्कूल टोल खानेपानी मुहान संरक्षण , मेनपा ६ | १,५०,०००।– |
| १७ | टार भित्री सडक तथा ढल व्यवस्थापन, मेनपा ११ | ५,००,०००।– | नुवारखोला झोलुङ्गे पुल संरक्षण, मेनपा ११ | ५,००,०००।– |
| १८ | सेती देवी मन्दिर निर्माण आरुखर्क, मेनपा ११ | २,००,०००।– | सेती देवी मन्दिर संक्षण आरुखर्क, मेनपा ११ | २,००,०००।– |
| १९ | बाटो घर पाख्रिनटोल सामुदायिक भवन निर्माण, मेनपा ११ | ७,००,०००।– | बाटो घर पाख्रिनटोल सामुदायिक भवन संरक्षण, मेनपा ११ | ७,००,०००।– |
| २० | नेपाल कुलाइनथान मोटरबाटो प्रतिक्षालय चिसापानी र कात्तिके सिंचाई कुलो योजना , मेनपा १२ | ५,००,०००।– | ढकाल खहरे हुँदै नेपाल कुलाइनथान नयाँ ट्रयाक निर्माण मोटरबाटो योजना, मेनपा १२ | ५,००,०००।– |
| २१ | कल्पनेश्वर महादेव मन्दिर निर्माण, मेनपा १ | ५,००,०००।– | भोटेचौर उज्यालो कार्यक्रम (सौर्य उर्जा कार्यक्रम) | ५,००,०००।– |
| २२ | दहपोखरी गोरेटो बाटो, मेनपा ५ | ५,००,०००।– | दहपोखरी गोरेटो बाटो, मेनपा ३ | ५,००,०००।– |
| २३ | पिपलबोट साविक सिन्धुकोट–४ खानेपानी | ५,००,०००।– | पिपलबोट सिन्धुकोट खानेपानी, मेनपा ५ | ५,००,०००।– |
| २४ | थालेफाँट द्धारेटोल माने निर्माण, मेनपा ३ | ५,००,०००।– | थालेफाँट द्धारेटोल मोटर बाटो निर्माण, मेनपा ३ | ५,००,०००।– |
| २५ | वडा कार्यालय एकिकृत बस्ती , मेनपा ३ | १०,००,०००।– | छ्योर्तेन निर्माण च्याँनडाँडा, मेनपा ३ | १०,००,०००।– |
| २६ | बसेरी ब्लोनटोल सामुदायिक भवन निर्माण मर्मत, मेनपा ४ | १०,००,०००।– | पुरानो धौले गुम्बा संरक्षण, मेनपा ४ | ५,००,०००।– |
| २७ | | | वडा कार्यालय आसपास सोलार बत्ती, मेनपा ४ | ५,००,०००।– |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. ३ : नगर सभाको तेह्रौं अधिवेशनबाट स्वीकृत एवं संशोधन भएका योजनाहरु संचालन गर्नको लागि सम्बन्धित वडा कार्यालयहरुले मिति २०७९ चैत्र १५ गतेसम्म उपभोक्ता समिति गठन तथा २०७९ चैत्र मसान्तसम्म योजना सम्झौता गरी योजना कार्यान्वयनको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । साथै, वर्षाको समय समेत नजिकिएको र सबै योजनाहरु चालु आ.व. भित्र सम्पन्न गर्नुपर्ने भएकोले रु. २० लाख लागत भन्दा माथिका सबै योजनाहरु बोलपत्रको छोटो प्रक्रियाबाट कार्यान्वयन गर्ने र वडाबाट विनियोजन भएका योजनाहरु बोलपत्रबाट कार्यान्वयन गर्नुपर्ने भए सम्बन्धित वडाबाट नगरपालिकामा सिफारिस गर्न सम्बन्धित वडा कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : मेलम्ची नगरपालिका वडा नं. ११ डुंडेखोलामा निर्माणाधिन नगर अस्पताल भवन कोभिड संक्रमण तथा मिति २०७८ साल असार १ गते मेलम्ची तथा ईन्द्रावती नदीमा आएको बाढीको कारण सम्झौता बमोजिमको समय सीमा भित्र कार्य सम्पन्न गर्न नसकी म्याद थपका लागि सम्बन्धित निर्माण कम्पनी श्री सूर्यचन्द्र प्रेरा जे.भी.ले कार्य तालिका सहित निवेदन पेश गरेको हुँदा निज निर्माण कम्पनीले पेश गरेको संशोधित कार्यतालिका (दुई वटा माइलस्टोन सहित) मिति २०८० भाद्र महिनासम्मको बैंक जमानत र बिमाको अवधि थपको कागजात समेत पेश गर्न पत्राचार गर्ने र सो कागजात प्राप्त भए पश्चात मिति २०८० भाद्र मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : मेलम्ची नगरपालिकामा कार्यरत सम्पूर्ण स्थायी कर्मचारीहरुलाई नेपाल बैंक लिमिटेडले उपलब्ध गराउने सेवाग्राही कर्जाको सुविधामा आवद्ध गराउन सम्बन्धित बैंकसंग आवश्यक प्रक्रिया पूरा गरी सम्झौता गर्न यस नगरपालिकाका आर्थिक प्रशासन प्रमुखलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो । साथै, सेवाग्राही कर्जाको सुविधामा आवद्ध गराउन नेपाल बैंक लिमिटेडसंग तपसिल बमोजिमको प्रतिवद्धता समेत गर्ने निर्णय गरियो ।

तपसिल

१. बैंकमा कर्जा भुक्तान नहुँदै यदि कुनै कर्मचारी सरुवा भएमा निजले कर्जा भुक्तानी नगर्दासम्म निजलाई रमाना पत्र नदिने ।
२. यदि कुनै कर्मचारी अवकाश हुँदा समेत निजले कर्जा भुक्तान नगरेमा निजलाई अवकासका लागि दिइने कागजात रोक्का गर्ने ।
३. सेवाग्राही कर्जाको सुविधा प्राप्त गर्ने कर्मचारीहरुको बोधार्थ सहितको विवरण सम्बन्धित बैंकले नगरपालिकालाई उपलब्ध गराउनु पर्ने ।
४. बैंक कर्जा भुक्तान भई नसक्दै कुनै कर्मचारीको मृत्यु भएमा बाँकी कर्जा विमा गरेको भए विमाबाट र नभए निजको आश्रीतले पाउँने सुविधाबाट कट्टा गरी कर्जा असुली गराउने ।

निर्णय नं. ६ : नगर सभाबाट स्वीकृत भई संशोधनको लागि कार्यपालिका वैठकमा पेश भएका योजनाहरुको सम्बन्धमा छलफल गरियो । यस नगरपालिकाको प्राविधिक जनशक्तिको कमी र कार्य समयको अप्रयाप्तताको कारण २०७९ चैत्र मसान्त पछि संशोधनका लागि पेश हुने कुनै पनि योजनाहरु संशोधन नगर्ने निर्णय गरियो ।

निर्णय नं. ७ : मिति २०७८ साल असार १ गते र त्यसपछि मेलम्ची नदीमा आएको बाढीबाट प्रभावित भई ''मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७'' बमोजिम हेलम्बु गाउँपालिकाबाट लाभग्राही कायम भएका तपसिलमा उल्लिखित लाभग्राही मेलम्ची नगरपालिकामा

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

पुनर्स्थापित हुनको लागि हेलम्बु गाउँपालिकाबाट सिफारिस भई आएको हुँदा उल्लिखित कार्यविधिमा व्यवस्था भए बमोजिम विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी श्रोत व्यवस्थापन गरी अनुमति प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | लाभग्राहीको नाम, थर | ठेगाना | लाभग्राहीको प्रकार |
|---|---|---|---|
| १ | खिल बहादुर देउजा | मेलम्ची न.पा. ६ | पुनर्स्थापना |

निर्णय नं. ८ : कृषि तथा पशुपंक्षी विकास मन्त्रालय/कृषि विभाग/ बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, हरिहरभवन, ललितपुरको च.नं. ३०१ मिति २०७९/११/२८ को पत्रबाट आगामी आ.व.२०८०/०८१ मा कार्यान्वयन हुने गरी संघीय सशर्त अनुदान अन्तर्गत बाली बिकास कार्यक्रममा सहभागीताका लागि लेखि आएको हुँदा संघीय सशर्त अनुदान अन्तर्गत योजना समावेश हुने गरी तपसिल बमोजिमका बाली विकास कार्यक्रमहरु माग गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | कार्यक्रमको विवरण | कैफियत |
|---|---|---|
| १ | धान बाली प्रवर्द्धन | |
| २ | मकै बाली प्रवर्द्धन | |
| ३ | गहुँ बाली प्रवर्द्धन | |

निर्णय नं. ९ : मेलम्ची नगरपालिका भित्रका विभिन्न वडाबाट ६०/४० लागत साझेदारीमा कार्यान्वयन गर्नेगरी योजना माग भएको हुँदा यस अघि निर्णय भएका ६०/४० लागत साझेदारीमा संचालन गर्ने योजनाहरुलाई १५ दिनको समय दिई नगद जम्मा गरी सम्झौता गर्न आउन अन्तिम पटक पत्राचार गर्ने र उक्त अवधि भित्र सम्झौता गर्न नआएमा प्राविधिक लागत इष्टिमेट बमोजिम लागत साझेदारी शिर्षकबाट खर्च हुने गरी तपसिल बमोजिमका योजनाहरु प्राथमिकताको आधारमा संचालन गर्ने निर्णय गरियो ।

तपसिल

१.बतासे माध्यमिक विद्यालय घेराबार निर्माण, मेनपा ६

२. जाल्पा इन्फ्रास्ट्रक्चर प्रा.लि. नदी नियन्त्रण तथा उद्योग संरक्षण, मेनपा १३

३. .भुमेस्थान शिव मन्दिर पटाप मोटर बाटो स्तरोन्नती, मेनपा १

निर्णय नं. १० : शान्ती फाउण्डेशन, बौद्ध काठमाडौंले यस नगरपालिकामा संचालन गर्दै आएको सुरक्षा परियोजनालाई वि.सं. २०८५ सम्म निरन्तरता दिई कार्यक्रम स्वीकृतिको लागि निवेदन पेश गरेकोमा उक्त संस्थालाई प्रदान गरिएको कार्यक्रम स्वीकृति अनुमोदन गर्ने निर्णय गरियो । त्यसैगरी ह्याण्डीक्याप इन्टरनेशनलबाट अपाङ्गता भएका महिला तथा बालबालिका र संकटासन्न व्यक्तिहरुको शारिरिक पुनर्स्थापना तथा आर्थिक समावेशिता सेवामा पहुँच वृद्धि परियोजना संचालनको लागि प्रदान गरिएको पूर्व सहमति अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ : मेलम्ची नगरपालिका भित्रका देहाय बमोजिका योजनाहरुको परामर्श सेवा खरिद शिर्षकबाट खर्च हुने गरी बृहत परियोजना प्रतिवेदन (DPR) निर्माण गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

तपसिल

| क्र.सं. | योजनाको विवरण | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | सरस्वती माध्यमिक विद्यालय भोटेचौर | मेनपा १ | |
| २ | भूमेस्थान मन्दिर तथा पूर्वाधार विकास कार्यक्रम | मेनपा १ | |
| ३ | ठूलो कुलो निर्माण | मेनपा १ | |
| ४ | सिम्लाफेद सिम्लेबसी खगले महादेवस्थान कृषि सडक | मेनपा २ | |
| ५ | धाराटोल सूँयलछाप महादेवस्थान मोटर बाटो | मेनपा २ | |
| ६ | बसाहचौर पत्थर पार्क निर्माण | मेनपा २ | |
| ७ | जिरोकिलो हैबुङ पाटी भञ्ज्याङ्ग मोटर बाटो | मेनपा ३ | |
| ८ | काउले दोभान डाँडाथोक (वडा कार्यालय) बालुवाडाँडा मोटर बाटो | मेनपा ३ | |
| ९ | खड्काछाप सेल्बुनस्थान हिले भञ्ज्याङ मोटर बाटो | मेनपा ३ | |
| १० | पिप्ले बाँसखर्क ओख्रेनीचौर धौले मोटर बाटो | मेनपा ४ | |
| ११ | सुरुङ डाँडाकटेरी ओख्रेनीचौर वडा कार्यालय मोटर बाटो | मेनपा ४ | |
| १२ | ओख्रेनीचौर पाल्चेन थानाभञ्ज्याङगढी थानकुने चिप्लिङ फुट ट्रेल | मेनपा ४ | |
| १३ | ऐतिहासिक थानाभञ्ज्याङगढी पूर्वाधार विकास कार्यक्रम | मेनपा ४ | |
| १४ | अँधेरी खोला राम्चे मोटर बाटो | मेनपा ५ | |
| १५ | १५ नं. डम्पिङ हेल्थपोष्ट मोटर बाटो | मेनपा ५ | |
| १६ | धुसेनीचौर सुलिकोट घ्याङ पर्यटन प्रवर्द्धन | मेनपा ५ | |
| १७ | तालामाराङ ढुङ्गानाबेसी मानेभञ्ज्याङ्ग बतासे पाराङटोल तल्लो थकनी सडक निर्माण | मेनपा ६ | |
| १८ | नेपाने पञ्चकन्या मानेभञ्ज्याङ्ग उपल्लोगाउँ धुसेनीचौर सडक | मेनपा ६ | |
| १९ | निग्लेनी खोला ढुङ्गाना गाउँ पसलेडाँडा सिंचाई योजना | मेनपा ६ | |
| २० | गोल्मेश्वर धाम संरक्षण संवर्द्धन तथा व्यवस्थापन | मेनपा ७ | |
| २१ | सेल्ले काफलगैरी बालुवा क्यौरानी मोटर बाटो | मेनपा ७ | |
| २२ | तिनकुने काफलगैरी डिही मोटर बाटो | मेनपा ७ | |
| २३ | दाउचेत क्यौरानी लाभगाउँ ककनी सडक | मेनपा ८ | |
| २४ | माथिल्लो मन्तासी खोला साल्ले खेत सिंचाई योजना | मेनपा ८ | |
| २५ | सालडाँडा खेलमैदान निर्माण (नगरस्तरीय) | मेनपा ८ | |
| २६ | राम्चे सुनखानी खड्काथोक नवलपुर सडक निर्माण | मेनपा ९ | |
| २७ | गोल्मास्थान खड्काथोक थापा कार्की टोल हुँदै डब्ल्याङ पात्ले सडक | मेनपा ९ | |
| २८ | पिपलचौरी खेलमैदान निर्माण (नगरस्तरीय) | मेनपा ९ | |
| २९ | काफ्लेखोला फलामे पहरासिम वडा कार्यालय बडहरे सडक निर्माण | मेनपा १० | |

| | | | |
|---|---|---|---|
| ३० | संसरेडाँडा फलामे शिखरपुर जुके सडक निर्माण | मेनपा १० | |
| ३१ | ठूलीचौर खेलमैदान निर्माण (नगरस्तरीय) | मेनपा १० | |
| ३२ | जागेश्वर खोला सातपत्रे गुफा हुँदै ठूलो ढुङ्गा हनुमान थान पर्यटन पूर्वाधार विकास | मेनपा ११ | |
| ३३ | नुहारखोला दुलालगाउँ कृषि सडक निर्माण | मेनपा ११ | |
| ३४ | ईन्द्रेश्वर महादेवथान खानीगाउँ पाल्चोक भगवती मन्दिर पर्यटकीय सिंढी निर्माण | मेनपा ११ | |
| ३५ | कुण्डेश्वरी ठाँटी एक्लेबेसी चाँपाबोट थाक्ले सडक | मेनपा १२ | |
| ३६ | वडा कार्यालय | मेनपा १२ | |
| ३७ | लामदहली एक्लेबेसी सिंचाई | मेनपा १२ | |
| ३८ | भञ्जिङ् पब्लिक फट्केश्वर सडक निर्माण | मेनपा १३ | |
| ३९ | जर्केखोला मुल कुलो निर्माण | मेनपा १३ | |
| ४० | लामा क्रसर बोरेटार खानीडाँडा सडक निर्माण | मेनपा १३ | |

निर्णय नं. १२ : मेलम्ची नगरपालिका वडा नं. ८ स्थित तप्रसा सामुदायिक भवन जाने सडक स्तरोन्नती गर्नको लागि प्राविधिक प्रतिवेदन बमोजिम नयाँ सडक ट्र्याक निर्माण गर्नको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल